प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

प्रदेश नं. ३, हेटौडा, नेपाल

**सेवा करारमा लिने सम्बन्धी सूचना**

(सुचना प्रकाशित मिति : २०७६/०५/०३)

(विज्ञापन नः ०१-०७६/०७७)

यस मन्त्रालयको आ.व. २०७६।७७ को स्वीकृत **"एक विद्यालय एक नर्स" कार्यक्रम** अन्तर्गत देहाय बमोजिमका स्थानीय तह भित्रको एक सरकारी माध्यामिक विद्यालयमा रहने गरी विद्यालय नर्स को रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिनभित्र कार्यालय समयमा तोकिए बमोजिम दरखास्त दिनु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । **यस सम्बन्धी विस्तृत विवरण(योग्यता, आवेदन फारम, कार्यविवरण आदी) मन्त्रालयबाट वा मन्त्रालयको वेवसाइट mosd.p3.gov.np बाट उपलब्ध हुनेछ ।**

| सि.नं. | जिल्लाको नाम | स्थानीय तहको नाम | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सिन्धुली | दुधौली नगरपालिका, गोलन्जर गाउँपालिका, घ्याङलेख गाउँपालिका, तीनपाटन गाउँपालिका, फिक्कल गाउँपालिका, मरिण गाउँपालिका, सुनकोशी गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका | ८ | १जना प्रति स्थानीय तह |
| २ | रामेछाप | रामेछाप नगरपालिका, उमाकुण्ड गाउँपालिका, खाँडादेवी गाउँपालिका, गोकुलगङ्गा गाउँपालिका, दोरम्बा गाउँपालिका, लिखु गाउँपालिका, सुनापती गाउँपालिका, | ७ | " " |
| ३ | दोलखा | जिरी नगरपालिका, भिमेश्वर नगरपालिका, कालिन्चोक गाउँपालिका, गौरीशङ्कर गाउँपालिका, तामाकोशी गाउँपालिका, मेलुङ्ग गाउँपालिका, विगु गाउँपालिका, शैलुङ्ग गाउँपालिका | ८ | " " |
| ४ | सिन्धुपाल्चोक | बाह्रविसे नगरपालिका, मेलम्ची नगरपालिका, जुगल गाउँपालिका, पाँचपोखरी थाङपाल गाउँपालिका, बलेफी गाउँपालिका, भोटेकोशी गाउँपालिका, लिसङ्खु पाखर गाउँपालिका, सुनकोशी गाउँपालिका, हेलम्बु गाउँपालिका, त्रिपुरासुन्दरी गाउँपालिका | १० | " " |
| ५ | काभ्रेपलान्चोक | धुलिखेल नगरपालिका, बनेपा नगरपालिका, पनौती नगरपालिका, पाँचखाल नगरपालिका, नमोबुद्ध नगरपालिका, मण्डनदेउपुर नगरपालिका, खानीखोला गाउँपालिका, चौरीदेउराली गाउँपालिका, तेमाल गाउँपालिका, भुम्लु गाउँपालिका, हाभारत गाउँपालिका, रोशी गाउँपालिका | १२ | " " |
| ६ | ललितपुर | गोदावरी नगरपालिका, महालक्ष्मी नगरपालिका, कोन्ज्योसोम गाउँपालिका, बागमती गाउँपालिका, महाङ्काल गाउँपालिका, | ५ | " " |

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर

| | | | | |
|---|---|---|---|---|
| ७ | भक्तपुर | चाँगुनारायण नगरपालिका, मध्यपुर थिमी नगरपालिका, सूर्यविनायक नगरपालिका | ३ | " " |
| ८ | काठमाण्डौ | कागेश्वरी मनोहरा नगरपालिका, गोकर्णेश्वर नगरपालिका, चन्द्रागिरी नगरपालिका, टोखा नगरपालिका, तारकेश्वर नगरपालिका, दक्षिणकाली नगरपालिका, नागार्जुन नगरपालिका, बुढानिलकण्ठ नगरपालिका, शङ्खरापुर नगरपालिका | ९ | " " |
| ९ | नुवाकोट | बेलकोटगढी नगरपालिका, ककनी गाउँपालिका, किस्पाङ गाउँपालिका, तादी गाउँपालिका, तारकेश्वर गाउँपालिका, दुप्चेश्वर गाउँपालिका, पञ्चकन्या गाउँपालिका, लिखु गाउँपालिका, शिवपुरी गाउँपालिका, सुर्यगढी गाउँपालिका | १० | " " |
| १० | रसुवा | उत्तरगया गाउँपालिका, गोसाईकुण्ड गाउँपालिका, नौकुण्ड गाउँपालिका, आमाछोदिङमो गाउँपालिका | ४ | " " |
| ११ | धादिङ्ग | धुनीबेंशी नगरपालिका, खनियाबास गाउँपालिका, गजुरी गाउँपालिका, गल्छी गाउँपालिका, गङ्गाजमुना गाउँपालिका, ज्वालामूखी गाउँपालिका, थाक्रे गाउँपालिका, नेत्रावति गाउँपालिका, रुवी भ्याली गाउँपालिका, सिद्धलेक गाउँपालिका, त्रिपुरासुन्दरी गाउँपालिका | ११ | " " |
| १२ | मकवानपुर | थाहा नगरपालिका, इन्द्रसरोबर गाउँपालिका, कैलाश गाउँपालिका, बाग्मति गाउँपालिका, भिमफेदी गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, मनहरी गाउँपालिका, राक्सिराङ्ग गाउँपालिका | ८ | " " |
| १३ | चितवन | कालिका नगरपालिका, खैरहनी नगरपालिका, माडी नगरपालिका, रत्ननगर नगरपालिका, राप्ती नगरपालिका, इच्छाकामना गाउँपालिका | ६ | " " |
| | | जम्मा | १०१ | |

**नोटः दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।**

१. **शैक्षिक योग्यता र अनुभव :**

(क) नेपाली नागरिक ।

(ख) न्यूनतम शैक्षिक योग्यताः नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह उतिर्ण गरेको वा सो सरह ।

(ग) १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको ।

(घ) नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको ।

(ङ) स्वास्थ्य क्षेत्रमा अनुभव भएको

(च) स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ

(छ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

२· **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातः** शैक्षिक योग्यता, नेपाली नागरिकता, अनुभव, नर्सिङ्ग काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपिहरु संलग्न हुनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार



सचिव

स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्न सकिनेछ । लोपोन्मुख/अतिसीमान्तकृत/सीमान्तकृत/दलित जाति भएमा सो प्रमाणित हुने प्रमाणपत्र संलग्न हुनुपर्नेछ ।

३. आवेदन दिदा जुन स्थानीय तहमा कार्य गर्न चाहेको हो, सोही तहको लागि दरखास्त दिनुपर्ने छ । **एक जना उम्मेदवारले कुनै एक स्थानीय तहमा मात्र दरखास्त दिन पाउनेछन ।**

४. छनौटको तरिकाः लिखित परीक्षा, शैक्षिक योग्यता, स्थानीयता, कार्य अनुभव र अन्तर्वाताको आधारमा गरिनेछ ।

५. लिखित परिक्षाको मिति : दरखास्त बुझाउने अन्तिम मितिको भोलीपल्ट प्रकाशित गरिनेछ ।

६. दरखास्त दस्तुरः रु चार सय मात्र

७. करार अवधीः २०७७ असार मसान्तसम्म

८. आवेदन दिने तरिकाः पूर्णरुपमा भरिएको दरखास्त फारम सहित बुदाँ न २ मा उल्लेख भए बमोजिमका कागजातहरु एंव बुंदा नं. ६ मा तोकिएको शुल्कको रसिद संलग्न राखि **सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ३, हेटौडा वा स्वास्थ्य कार्यालय, काठमाडौमा** बुझाउनुपर्नेछ ।दरखास्त फारम यस मन्त्रालयको वेवसाइट mosd.p3.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

९. रितपूर्वक नभरिएका र म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

थप जानकारीका लागिः
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ३, हेटौडा, मकवानपुर, नेपाल
फोन नं. ०५७ ५२५२४८३६
मोवाईल नं. ९८५१२३९०२०

सचिव

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर

<u>सेवाका सर्तहरु</u>

- मन्त्रालयले स्थानीय तह मार्फत सम्बन्धित पदको लागि निर्धारण मासिक पारिश्रमिक नेपाल सरकारले तोकेको स्वास्थ्य सेवा तर्फको पाँचौ तहको शुरु स्केल अनुसार नै ( प्रचलित नियमानुसार लाग्ने कर सहित) उपलब्ध हुनेछ ।
- कार्यालको कामको सिलसिलामा कार्यालयको आदेशानुसार जिल्ला बाहिर गइ काम गर्नु पर्दा नियमानुसार समान समान तहले पाउने दै.भ्र. भत्ता उपलब्ध गराइने छ ।
- करारमा नियूक्ति भएपछि सम्बन्धित पदको लागि निर्धारण गरिएको कार्य विवरण अनुसार कार्य गर्नुपर्नेछ ।
- काम सन्तोषजनक रहि मन्त्रालयलाई आवश्यक परेमा करार अवधी अर्को आ· व· समेत थप गर्न सकिनेछ ।
- अन्य शर्तहरु करार संझौतामा उल्लेख भए बमोजिम हुनेछ ।

नोटः कार्यक्रम सम्बन्धी विस्तृत जानकारीका लागि "एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" मन्त्रालयको वेवसाईटबाट डाउनलोड गरि हेर्न सकिनेछ ।

निमित्त सचिव